गण्डकी प्रदेश सरकार
ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय
**खानेपानी, जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय**
म्याग्दी, नेपाल
२०७७

प.सं. २०८२/०८३ | मितिः- २०८३/०२/०६
च.नं. ३५८

विषयः सूचना टाँस गरिदिने सम्बन्धमा।

स्थानिय तह सबै,
म्याग्दी।

प्रस्तुत विषयमा "लिफ्टिङ्ग आयोजनाहरुमा विद्युत महशुल अनुदान सम्बन्धी मापदण्ड, २०८२" अनुसार लिफ्टिङ्ग प्रणाली प्रयोग गरि संचालन भएका खानेपानी तथा सिंचाई योजनाहरुको हकमा विद्युत महशुल अनुदान प्रदान गरिने भएकाले सो सम्बन्धमा उल्लेखित मापदण्ड बमोजिम लाभान्वित हुने उपभोक्ता समितिहरुको जानकारीको लागि प्रकाशन गरिएको सूचना यसै पत्रसाथ संलग्न राखी पठाईएको छ। उक्त सूचना तहाँ स्थानीय तहको सूचना पाटिमा टाँस गरि जानकारी गराईदिनुहुन अनुरोध छ।

(ई. झलक मोहन ओझा)
डिभिजन प्रमुख

श्री सूचना प्रविधि अधिकृत
फेसबुक पेज, वेभसाईट तथा
सूचना पाटीमा टाँस गर्नुहुन।
२०८३।०२।०६

अन्नपूर्ण गाउँपालिका
दर्ता नं.: ३६११
दर्ता मितिः २०८३।०२।०६

गण्डकी प्रदेश सरकार
ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय
खानेपानी, जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय
म्याग्दी, नेपाल

# विद्युत महशुलमा अनुदान सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति: २०८३/०२/०६)**

खानेपानी, जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, म्याग्दीको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रमअनुसार जिल्ला भित्रका लिफ्टिङ खानेपानी तथा सिंचाई आयोजनामा विद्युत महशुल अनुदानका लागि गण्डकी प्रदेश सरकार ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय **"लिफ्टिङ आयोजनामा विद्युत महशुल अनुदान सम्बन्धी मापदण्ड, २०८२"** बमोजिम कार्यक्रममा सहभागी हुन सूचना आव्हान गरिएको छ । सूचना प्रकाशन भएको मितिले ३० (तिस) दिन भित्र तोकिएको ढाँचामा निवेदन पेश गर्नुहुन सूचित गरिन्छ।

<u>पेश गर्नुपर्ने कागजातहरु</u>

१. अनुदानग्राही उपभोक्ता संस्थाको नाम र ठेगाना खुल्ने नवीकरण सहितको दर्ता प्रमाणपत्रको प्रतिलिपि।
२. लाभान्वित हुने घर धुरी र प्रति युनिट महशुल दर।
३. विद्युत महशुल तिरेको बिल भरपाई सक्कल रसिद।
४. संस्थाको नाममा रहेको बैंक खाता विवरणको प्रतिलिपि।
५. मर्मत सम्भार कोष स्थापना भएको प्रमाण कागजात।
६. संघ तथा स्थानिय सरकारबाट अनुदान नलिएको स्वघोषणा।
७. अनुदान माग गर्ने उपभोक्ता समितको निर्णय।
८. विद्युत महशुल अनुदान मागको निवेदन।

<u>थप जानकारीको लागि</u>

खानेपानी, जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, म्याग्दी
सम्पर्क नं: ०६९-५२१२२५, ९८५७६२७२२५, ९८६०१७८७७४
ईमेल: idsdmyagdi@gmail.com
वेभसाइट: wsirmyagdi.gandaki.gov.np

डिभिजन प्रमुख